# नेपालमा पाईने गाईभैंसीका जातहरु

## १. गाईका जात

### १.१ स्थानीय जात



**१. अछामी गाई :-** यस गाईको उत्पति अछाम जिल्लामा भएको भएता पनि बझाङ्ग, बाजुरा र डोटीमा समेत पाईन्छ। **संसारको सबैभन्दा सानो मानिएको यस गाईलाई नौमुठे गाई पनि भनिन्छ** । यसको रंग कालो देखि सेतो, खैरो, खरानी, टाटेपाटे आदि हुन्छ । यसको उचाई १ मिटर भन्दा कम ,शारिरीक तौल १२० देखि १५० के.जी. सम्म भएको, दानापानी कम खाने र रोग कम लाग्ने हुन्छ । यो करिव ४ बर्षको उमेरमा बयस्क भई ५बर्षको उमेरमा पहिलो वेत व्याउछ । २२५ दिनको दुहुनो अवधिमा दैनिक औसत दूध उत्पादन १ देखि ४ लिटर दिएको पाईन्छ । दुई बेतको अन्तर औसत १२ देखि २४ महिना हुन्छ । यसको संख्या घटदै गईरहेकोले संरक्षण गर्न आवश्यक छ ।



**२. लुलु गाई :-**यस गाईको उत्पति स्थान मुस्ताङ्ग भएता पनि डोल्पा र मनाङ्गमा समेत पाइन्छ **। जुरो नभएको**, उच्च हिमाली भेगका सुख्खा चिसोमा पनि हुर्कन सक्ने, होचो कद, लामो पुच्छर, छोटा खुट्टा, बाक्ला रौं हुन्छ । यसको रंग कालो देखि सेतो सम्म बिभिन्न हुन्छ । बयस्क भालेको शारिरीक तौल १५० देखि २२५ के.जी सम्म हुन्छ भने माउँको १२० देखि १६० के.जी. हुन्छ । यो करिव ३.५ बर्षको उमेरमा बयस्क भई ४.५बर्षको उमेरमा पहिलो वेत व्याउछ । यसले १६५ दिनको दुहुनो अवधिमा दैनिक औसत दुध उत्पादन १.६ लिटर दिन्छ । दुई वेतको अन्तर औसत १२ देखि २४ महिना हुन्छ । यसको संख्या घटदै गईरहेकोले संरक्षण गर्न आवश्यक छ ।



**३. खैला गाई :-** यसको उत्पत्ति सुदूर पश्चिमान्चल क्षेत्रको पहाडी जिल्ला खासगरी बैतडी, डडेल्धुरा, डोटी भएको पाईन्छ । यो कम उत्पादन क्षमता भएको, सामान्य व्यवस्थापनमा पनि उत्पादन गर्न सक्ने, रिसालु स्वभाव, सिङ सिधा र माथितिर फर्केको, शरिर बलियो भएकोले मालसमान बोक्न र खेत जोत्नको लागि उपयुक्त जात हो । **अन्य स्थानिय जातका गाईहरु भन्दा ठुलो शरिर हुन्छ** । । यो ३.५ बर्षको उमेरमा बयस्क भई ४. ५बर्षको उमेरमा पहिलो वेत व्याउछ ।यसको गर्भधारण अवधि २८८ दिनको हुन्छ । यसले ३०५

दिनको दुहुनो अवधिमा दैनिक औसत दूध उत्पादन २.५ लिटर दिन्छ। दुई वेतको अन्तर औसत १८ महिना हुन्छ।

**४.पहाडी गाई** :-यो गाई मध्य पहाडको लागि उपयुक्त, प्राय कालो रंग, **दूध उत्पादन क्षमता कम भएको, बिकट हावापानीमा हुर्कन सक्ने सानो कदको गाई हो** ।यो ४ बर्षको उमेरमा बयस्क भई ५बर्षको उमेरमा पहिलो वेत व्याउछ। गर्भधारण अवधि २७५ दिनको हुन्छ। दुई वेतको अन्तर औसत १६ देखि १७ महिना र २४० दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन १.१ के.जी. हुन्छ। यो पहाडी क्षेत्रको सबै तिर पाईन्छ।



**५.तराई गाई** :-तराईको समथर भू भागको लागि उपयुक्त, प्राय सेतो रंग, दूध उत्पादन क्षमता कम भएको, मध्यम कदको, कान सिधा, बलियो र गर्मी हावापानीको लागि उपयुक्त गाई हो। यो ३.५ बर्षको उमेरमा बयस्क भई ४.५ बर्षको उमेरमा पहिलो वेत व्याउछ। यसको औसत शारीरिक तौल २१० के.जी.सम्म हुन्छ। यसको दुई वेतको अन्तर औसत १६ देखि १७ महिना र गर्भधारण अवधि २९६ दिनको हुन्छ। यसले २४६ दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन २.१ के.जी. हुन्छ।



**६.सिरी गाई** :-पूर्वी पहाडको ,खासगरी ईलाम जिल्लाको उत्पादनशील गाई तर **हाल लोप भई सकेको** छ। पहाडको लागि उपयुक्त, कालो देखि सेतो रंग, दूध उत्पादन क्षमता राम्रो भएको, चौडा र च्याप्टो निधार, कान सानो र अगाडि निस्केको,थोरै माथी फर्केको तिखो सिङ हुन्छ। यो ३.५ बर्षको उमेरमा बयस्क भई ४.५बर्षको उमेरमा पहिलो वेत व्याउछ। गर्भधारण अवधि २९५ दिनको हुन्छ। यसको दुई वेतको अन्तर औसत १७ महिना र यसले २६८ दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन ४.५ के.जी. हुन्छ।



**७. याक** :-यो समुद्र सतहबाट ३००० देखि ४५०० मिटर उचाई सम्म सजिलै हुर्कन सक्दछ। यसको भालेलाई याक र पोथिलाई नाक भनेर चिनिन्छ। यसको दूध उत्पादन क्षमता कम भएपनि चिल्लो पदार्थ ६.६ % सम्म हुन्छ। यसको काध सिधा, रौ लामा, सिङ्ग तिखो, लामो र बलियो , अत्यधिक चिसो सहन सक्ने क्षमता भएको, यो करिव ३ बर्षको उमेरमा बयस्क भई ४ बर्षको उमेरमा पहिलो वेत व्याउछ। गर्भधारण अवधि २५२ देखि २५५ दिनको हुन्छ। नाकलाई व्याएको दुई महिना सम्म दुहिदैन नवजात बाछ्राको लागि छोडिन्छ र त्यसपछि मात्र दुहिन्छ। यसले १६७ दिनको दुहुनो अवधिमा औसत दैनिक दूध उत्पादन १.३ के.जी. हुन्छ। वयस्क याकको शारिरीक तौल



औषत ३५५के.जी. र नाकको अधिकतम ३२५के.जी. सम्म हुन्छ ।



**चौरी गाई :-** यो नेपालको उच्च पहाडी क्षेत्रमा ९हजार देखि १५हजार फिट सम्म पालन गरिन्छ । शुद्ध जातको भालेलााई याक र पोथीलाई नाक भनिन्छ भने वर्णशंकरलाई चौरी भनिन्छ । चौरीको भालेलाई झोपा भनिन्छ । यो नपुंसक हुन्छ , भारी बोक्ने र खेत जोत्न प्रयोग गरिन्छ भने पोथीलाई झुमा भनिन्छ यो उत्पादनशी्ल हुन्छ ।यसले दैनिक ४ लिटर सम्म दूध दिन्छ । नाक र स्थानीय जातको बहरको कसवाट जन्मेको **डिम्जो चौरी** र याक र स्थानीय गाईको कसवाट जन्मेको लाई **उराङ्ग चौरी** भनिन्छ । डिम्जो चौरी उचाईमा गएर चर्न सक्ने, ठण्डी सहन सक्ने र दूध उत्पादन राम्रो दिन्छ । उराङ्ग चौरी उचाईमा गएर चर्न नसक्ने, ठण्डी सहन नसक्ने र दूध उत्पादन कम हुन्छ । चौरीको दूध, चिज, बटर, घिऊ, दही, छेना, छुर्पी,चमर,छाला प्रयोगमा ल्याईन्छ । चौरी चीज ( Yak cheese )पर्यटकहरु निकै रुचाउछन् र बिदेशी मुद्रा आर्जनको राम्रो स्रोत हो ।

**२. आयातित जातहरु :**



**१. जर्सि गाई :-** यसको उत्पति बेलायतको जर्सि टापुमा भएको हो । यो **करिव त्रिभुजाकार** , रंग प्रायः रातो, खैरो वा कालो, डडाल्नु सिधा, फांचो र थुन ठुला, टाउको विचमा खोप्रो परे जस्तो, अनुहार छोटो र यसको भाले रिसालु हुन्छ । सांढेको शारिरीक तौल ६७५ कें.जि. र माउको तौल ४५० के.जि. हुन्छ । प्रतिवेत दुध उत्पादन ५००० देखि ६००० के.जी.सम्म हुन्छ । यसको दूधमा औसत चिल्लो पदार्थ ५ प्रतिशत र एस.एन.एफ.९.४२ प्रतिशतसम्म हुन्छ ।




**२. होल्स्टीन फ्रिजियन :-**यसको उत्पत्ति नेदरल्याण्डको फ्रिजल्याण्डमा भएको हो । यो गाई **संसारकै सवभन्दा बढी दुध दिने**, सेतो,कालो, टाटेपाटे, ढाड अलि कुप्रेको, लामो र सांधुरो मुख, गाई सान्त स्वभाबको र सांढे हिंस्रक स्वभावको हुन्छ । साढेको शारिरीक तौल १००० के.जी र माउ ६७५ के.जी. सम्म हुन्छ । दुध उत्पादन प्रति वेत ६५०० देखि ९००० लिटरसम्म भएतापनि ११००० लिटर भन्दा बढी दिइएको पाईन्छ । यसको दूधमा औसत चिल्लो पदार्थ ३.४५ प्रतिशत र एस.एन.एफ.८.५६ प्रतिशतसम्म हुन्छ ।

**३. ब्राउन स्वीस गाई :-** यसको उत्पति स्वीजरल्याण्डमा भएको हो । यो गाई खैरो वा कालो रंगको, सुस्त र सोझो हुन्छ । **प्रतिकुल मौसम खप्न सक्ने, डांडाकांडामा पनि पाल्न सकिने**, गर्मिमा पनि पाल्न सकिने, शारिरीक तौल सांढेको ९०० के.जी. र माउको ६२५ के.जी. सम्म हुन्छ । औसत दुध उत्पादन प्रतिवेत ५५०० लिटरसम्म पाईन्छ। यसको दूधमा औसत चिल्लो पदार्थ ४ प्रतिशत र एस.एन.एफ.९.०६ प्रतिशतसम्म हुन्छ।



**४. साहिवाल गाई :-** यसको उत्पत्ति पाकिस्तानको मन्टगोमेरीमा भएको हो । चाकलो निधार, छोटा खुट्टा, छोटा सिङ पछाडी फर्केका, निकै ठूलो र लगभग एकतर्फ ढल्केको जुरो तथा माल भएको हुन्छ । यसको रंग रातो र हल्का खैरो हुन्छ । यो **एशियाको राम्रो दुधालु गाई** हो । सांढेको तौल ५०० के.जी र माउको तौल ३४० के.जी. हुन्छ। प्रतिबेत दुध उत्पादन १३५० लिटर हुन्छ । यसको दूधमा औसत चिल्लो पदार्थ ५ प्रतिशत र एस.एन.एफ.९.२प्रतिशतसम्म हुन्छ।



**५. रेड सिन्धी :-** यसको उत्पति पाकिस्तानको सिन्धु प्रान्तमा भएको हो । यसको रंग रातो कालो, वोधो सिङ्ग भएको धेरै ठुलो जुरो तथा माल भएको, दडिलो शरिरीर निकै शान्त प्रकृतिको, **फांचो ठुलो** र **तल झरेको हुन्छ**। सांढेको शारिरीक तौल ४५० के.जी. र माउको ३०० के.जी. सम्मको हुन्छ । औसत दुध उत्पादन प्रतिबेत १५०० देखि २२०० लिटर हुन्छ। यसको दूधमा औसत चिल्लो पदार्थ४. ५ प्रतिशत र एस.एन.एफ.९.१६प्रतिशतसम्म हुन्छ।



**६. हरियाणा गाई :-** यसको उत्पत्ति भारतको हरियाणामा भएको हो । यसको रंग सेतो, लामा लामा खुट्टा, सलक्क परेको जीउ, अत्यन्त बलियो शारिरीक बनावट, कसिलो र अग्लो शरिरर हुन्छ । यसको **गोरु जोत्न र गाडा तान्न निकै उपयुक्त** हुन्छ । वयस्क गाईको तौल ५५० के.जी. हुन्छ। पहिलो पटक व्याउने उमेर २ देखि ५बर्ष हुन्छ । प्रतिवेत औषत दुध उत्पादन १००० के.जी. हुन्छ । यसको



दूधमा औसत चिल्लो पदार्थ ५ प्रतिशत र एस.एन.एफ.९.२ प्रतिशतसम्म हुन्छ । यस गाईलाई द्वि उद्देश्यि गाई भनिन्छ ।

**२ भैंसीका जातः**

**२.१स्थानीय जातहरु :-**




(१) **लिमे भैंसी :-** यसको उत्पत्ति पश्चिमान्चल क्षेत्रको कास्की,स्यांङ्गजा, पर्वत, वाग्लुङ्ग तनहुं र लम्जुङ्गमा भएको हो । यो **स्थानीय भैसी मध्ये सवै भन्दा सानो जातको** भैंसी हो । यसको **सिङ्ग धांटीतिर घुमेको हंसिया आकारको** हुन्छ । यसको घाटीमा सेता रौ भई माला जस्तो देखिनु तथा घुडा देखि तलको खुट्टाको भाग सेतो हुन्छ । छालाको रंग सेतो मिसिएको खैरो,आखिभौं पनि सेता हुन्छन । बयस्क भैसीको शारिरीक तौल औषत ३११ के.जी. हुन्छ । सामान्यतया ४ बर्षको उमेरमा बाली जाने र ५बर्षको उमेरमा व्याउछ । दुई बेतको अन्तर १९ महिना रहेको छ । दूध दिने अवधि ३०० दिनमा दैनिक औषत ३ लिटर पाइन्छ । दूधमा चिल्लो पदार्थको मात्रा ६.५ देखि ७.५ प्रतिशतसम्म पाईन्छ । यो भैंसीको संख्या घट्दो क्रममा रहेकोले संरक्षणको लागि ध्यान पुर्‍याउन आवश्यक छ ।



(२) **पार्कोटे भैंसी :-** यो जातको भैंसी मध्य पहाड देखि उच्च पहाडमा पाइन्छ । यसको रंग कालो हुन्छ । तर कहिंकही खैरो र हल्का खैरो रंगमा पाइन्छ । अनुहार लाम्चो, टाउको चेप्टो, **सिंङ्ग तरवार आकारको र शरीरको पछाडी भागतिर फर्केको** हुन्छ । सामान्यतया ४ बर्षको उमेरमा बाली जाने र ५बर्षको उमेरमा व्याउछ । यसको दुई बेतको अन्तर १९ महिना रहेको छ । औषत शारिरीक तौल ३४२ के.जी. र दुध दिने अवधि ३०५ दिनमा दैनिक औषत २.७७ लिटर पाइन्छ । दूधमा चिल्लो पदार्थको मात्रा ६.५ देखि ९.६ प्रतिशत र ठोस पदार्थ ११ देखि १३.४ प्रतिशतसम्म पाईन्छ । यसको संख्या घट्दो अवस्थामा रहेकोले संरक्षणमा ध्यान दिन आवश्यक छ ।

(३) **गड्डी भैंसी :-** यसको उत्पत्ति सुदूर पश्चिमान्चलको पहाडी भेगमा हो । यसको **शरीर गाडी जस्तै ठूलो भएकोले गड्डी** राखिएको, रंग कालो र **निधारमा सेतो थोप्ला तारो भएको** कहिकतै खैरा र फिक्का रंगको हुन्छ । लामो अनुहार, फराकिलो निधार र टाउको, सिङ्ग लामो अर्ध धुमाउरो,खुट्टा छोटो, मोटो र बलियो, पीठ धेरै चौडा र पुच्छर लामो हुन्छ । पूर्ण विकसित फांचो, दूधका नसा स्पष्ट देखिने हुन्छ । बधुवा भन्दा चरिचरनमा रमाउछ । सामान्यतया ३ बर्षको उमेरमा बाली जाने र दुई बेतको अन्तर औसत २३ महिना रहेको छ । औषत शारिरीक तौल ४५२ के.जी., गर्भधारण अवधि ३३० दिन र दुध दिने अवधि ४२० दिनमा दैनिक औषत ३.५ लिटर पाइन्छ । यसले स्थानीय अन्य सबै भैंसी भन्दा बढी दूध दिन्छ । यसको संख्या घट्दो अवस्थामा रहेकोले संरक्षणमा ध्यान दिन आवश्यक छ ।



### ३.२.२ आयातित जात :-

**१. मुर्रा भैंसी :-** यसको उत्पात्ति भारतको पंजाब र हरियाणामा भएको हो । यो निक्खर कालो शरिर, लामो घांटी, छोटा **नजिकैवाट घुमेको कसिएको सिङ्ग**, कल्चौडो तथा थुनहरु पूर्ण विकसित, लामो पुच्छर र पुच्छरको विचमा सेतो फुर्को हुन्छ । यसको शारिरीक तौल ४५० देखि ५०० के.जी र प्रतिवेत औषत दुध उत्पादन १५०० देखि २५०० लिटर हुन्छ । राम्रो व्यवस्थापनमा ३१० दिनको अवधिमा २२०० लिटर दूध उत्पादन भएको पाईन्छ । दूधमा औसत चिल्लो पदार्थ ७ प्रतिशत र एस.एन.एफ.१० देखि १२प्रतिशतसम्म, प्रोटिन ४.५ प्रतिशत र ल्याक्टोज ४.८ प्रतिशत पाईन्छ । यो जातको **भैंसी दूध उत्पादनको लागि विश्व प्रसिद्ध** छ । यो नवौं वेतसम्म पनि राम्रो उत्पादन दिन सक्छ ।



# सन्दर्भ सामाग्रीहरु :


१) पौडेल, श्री रुद्र प्रसाद-व्यवसायिक गाईभैंसी पालन प्रविधि, सामुदायिक पशु विकास आयोजना , हरिहरभवन, ललितपुर

२) नेपालका रैथाने घरपालुवा जनावरहरु : एक परिचय,नेपाल कृषि अनुसन्धान परिषद,राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, पशु प्रजनन महाशाखा, खुमलटार ललितपुर,२०१२

३) नेपालमा भैंसीपालन व्यवसाय, नेपाल कृषि अनुसन्धान परिषद, FFIL CR : ALSCC INPB Nepal Research Project खुमलटार ललितपुर,२०७१,मंसीर

४) ढकाल,टंक प्रसाद /घिमिरे, डा. शिव चन्द्र- पशु सेवा पुस्तिका, श्रीमती कमला ढकाल, २०४८ भरतपुर, चितवन

५) शर्मा, डा.भुवनेश्वर - चौरी पालन , पशु सेवा तालिम तथा प्रसार निर्देशनालय हरिहरभवन, ललितपुर ,२०६४ चैत्र

६) के.सी.,क्षेत्र बहादुर- चौरी पालन , लाइभष्टक,बर्ष ९,अंक १२, कार्तिक २०५३ ,नेपाल एनिमल साइन्स एशोसियसन (नासा) काठमाण्डौ

७) पौडेल, डा.लोक नाथ , लुलु गाई तथा अछामी गाईको वर्तमान अवस्था प्रविधि मापन तथा पहिचान, केन्द्रीय गाई भैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन

८) पौडेल, डा.लोक नाथ , लिमे, पारकोटे र गड्डी भैंसीको वर्तमान अवस्था प्रविधि मापन तथा पहिचान, केन्द्रीय गाई भैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन

९)बाग्ले, सुरेन्द्र, विश्वको सवैभन्दा सानो प्रजाति अछामी गाई (२०६६) भाद्र)

१०)कृषि डायरी २०७१, कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहरभवन, ललितपुर